अजिरकोट गाउँपालिका
Ajirkot Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive
भच्चेक, गोरखा
Bhachchek, Gorkha
गण्डकी प्रदेश, नेपाल
(Gandaki Province)


प.सं.(Ref. No.) : २०८०/०८१
च.नं.(Disp. No. ): 9566

अजिरकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय भच्चेक, गोरखा गण्डकी प्रदेश, नेपाल

मितिः २०८१।०२।०७
ने.स. ११४४ वछलाथ्व १२ सोमबार

श्री वडा कार्यालय (सबै)
श्री उपभोक्ता समिति/संघ संस्था (सबै)
श्री निर्माण व्यवसायी/आपूर्तिकर्ता (सबै)
अजिरकोट गाउँपालिका, गोरखा ।

**विषयः तोकिएको म्यादभित्र कार्यसम्पन्न गरी फरफारक गर्ने सम्बन्धमा ।**

प्रस्तुत विषयमा चालू आ.बं. २०८०/०८१ का लागी यस अजिरकोटबाट स्वीकृत आयोजना तथा कार्यक्रमहरु सम्पन्न गर्ने प्रयोजनार्थ यस कार्यालयसंग विभिन्न मितिहरुमा सम्झौता भई हालको मितिसम्म कार्यसम्पन्न गरी भुक्तानीका लागि कार्यसम्पन्न प्रतिवेदन पेश नभएका आयोजना तथा कार्यक्रमहरुको हकमा सम्झौता बमोजिम तोकिएको मितिभित्र कार्य सम्पन्न गरी मिति २०८१ जेष्ठ मसान्तसम्म अनिर्वायरुपमा कार्यसम्पन्न प्रतिवेदन सहित फरफारकका लागी यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ ।

**पुनश्च:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) बमोजिम भुक्तानी दिनुपर्ने रकम समयमै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने कानूनी प्रावधान रहेको, सालतमामीमा भुक्तानी प्रणालीमा चाप हुने हुनेहँदा भुक्तानी प्रणाली(SUTRA) को सर्भर डाउन हुने/सिस्टम नचल्ने समस्या देखापर्ने, अषाढ महिनामा कर दाखिला गर्ने, संघीय सरकार तथा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने अनुदानहरु फिर्ता गरी सोको भौचर कोष तथा लेखा नियन्त्रकको कार्यालयलाई बुझाउनपर्ने र सम्पूर्ण कारोबारको हिसाव मिलान गरी संघ र प्रदेश सरकारका निकायमा प्रतिवेदन पठाउनुपर्ने व्यवस्था भएकोले तोकिएको अवधिभित्र कार्यसम्पन्न प्रदिवेदन सहित फरफारकका लागि यस कार्यालयमा पेश गर्नुहुन आदेशनुसार अनुरोध छ ।

2081/02/06

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत

नवराज अवस्थी
प्रमुख प्रशासकीय अधिकृत